नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९  स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०  अंक २५१  २०७८ साल बैशाख २८ गते मंगलबार (11 May 2021 Tuesday)  मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिबाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिबाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : एसइई र कक्षा १२ को ... ३ पृष्ठमा : सातै प्रदेशमा 'कोभिड... ३ पृष्ठमा : भारतमा कोभिड-१९ का ...

# उद्योग व्यवसायलाई बिस्थापित हुनबाट जोगाउन सउबा संघको अपील

**दैनिक समाचारदाता**
**राजविराज, २७ बैशाख ।**

सप्तरी उद्योग बाणिज्य संघले कोरोना महामारीको दोश्रो लहर भेरियेन्ट तिव्र गतिमा वढी रहेको कारण देशको अधिकांश जिल्लाहरुमा लकडाउन र निषेधाज्ञाले गर्दा सम्पूर्ण उद्योग व्यवसायी ठप्प रहेको जनाउँदै सरकारसमक्ष उनीहरुको यस अफठ्यारो अवस्थालाई ध्यानमा राख्दै विभिन्न सात बुँदे अपील जारि गरेका छन् ।

संघका अध्यक्ष अरुण प्रधानले जारि गरेका अपील पत्रमा उद्योगी, व्यवसायी लगायत सर्वसाधारण समेत अप्ठेरोमा परेकोले कोरोना लहरले गर्दा विभिन्न वित्तिय संस्था लगायत सरकारी कर्मचारीहरु समेत प्रभावित भई कार्यालयमा कर्मचारीहरुको न्यून उपस्थितीको कारण उद्योगी व्यवसायीहरुलाई विस्थापित हुनवाट जोगाउन आग्रह गरेका छन् ।

सो अपील पत्रमा करदाताहरुले तिर्नु पर्ने मु. अ. कर, अग्रीम कर, अन्तःशुल्क जस्ता अन्य करहरु हालको अवस्थामा बुझाउने स्थिती नरहेको हुँदा सोको म्याद थप हुनु पर्ने, उद्योगी, व्यवसायी तथा सर्वसाधारणले लिएको ऋणको व्याज, ऋण नविकरण र छोटो अवधीको लागि लिएको ऋण समेतको हकमा यस परिस्थितीमा सम्पादन गर्न नसकिने अवस्था रहेको हुँदा सोमा म्याद थप हुनु पर्ने । प्यानल्टी व्याज तिर्नु नपर्ने व्यवस्था हुनु पर्ने माग गरिएको छ ।

त्यस्तै हाल जारी रहेको लकडाउन र निषेधाज्ञाँको कारण सम्पूर्ण कारोवार ठप्प रहेको हुँदा यो अवस्था कहिले सम्म जारी रहने भनि यकिन गर्न नसकिने भएको हुँदा यो अवस्था श्रृजना भए देखि लकडाउन समाप्त भएको अवधी सम्मको बैंक व्याज र कुनै प्रकारको व्यवसायीक प्रमाण पत्र वा अन्य प्रमाण पत्र नविकरण गराउँदा लाग्ने दण्ड जरिवाना समेत मिनहा हुनु पर्ने तथा लकडाउन र निषेधाज्ञाँले गर्दा विकास निर्माणका कार्यहरु समेत प्रभावित भएको हुँदा यही २०७८ अषाढ मसान्त सम्म म्याद रहेको विकास निर्माण कार्यहरुको हकमा म्याद थप हुनु पर्ने र दिर्घकालिन विकास निर्माणको हकमा दिर्घकालिन योजनाको अवधीको हिसवाले म्याद थप गरिनुका साथै हालको मुल्य बृद्धिलाई दृष्टिगत गरि पुर्नमुल्याकन गरिनु पर्ने माँग गरिएको छ ।

यसैगरि व्यवसायीहरुले व्यवसायी वन्द गरी घर वस्ने अवस्था सिर्जना भएको र यो विषम परिस्थितको अवधीको घर वहालको सन्दर्भमा घरधनी र वहालवालाहरु विच विगतमा देखिएको अवस्थालाई दृष्टिगत गर्दै स्थानिय सरकारले यो अवधिको घर वहाल मिनहा गर्ने तर्फ पहल गर्नु पर्ने, अहिलेको यस विषम परिस्थिती कहिले सम्म रहने भनि यकिन नभएको र विभिन्न जिल्लामा रहेको लकडाउन र निषेधाज्ञाँको कारण अगामी समयमा आम नागरिकलाई चाहिने अति आवश्यक वस्तु खाद्यान्न, औषधी, दुध, फलफुल, तरकारी र कृषकहरुको लागि चाहिने मलखादा, विउविजन, पशु आहार जस्ता सामग्रीहरुको अपूर्ति गरी सहज र सुलभ रुपमा उपभोक्ताले प्राप्त गर्न सकोस भनि स्थानिय सरकार, जिल्ला प्रशासन कार्यालय र स्थानिय उद्योग वाणिज्य संघले संयुक्त पहल गरी अति आवश्यक वस्तुहरुको आपूर्ति श्रृंखला वढान ध्यान दिनु पर्ने तथा कृत्रिम अभाव सिर्जन गरी कालो वजारी गर्नेलाई प्रचकिलत कानून वमोजिम कार्यवाहीको दायरमाा ल्याउन समेत सम्बन्धीत निकायहरुको ध्यान पुऱ्याउनु आवश्यक रहेको उल्लेख छ ।

# ७० किलो गाजा बरामद



**दैनिक समाचारदाता**
**पर्सा, २७ बैशाख ।**

पर्सा प्रहरीले प्रतिबन्धित लागुऔषध ७० किलो गाजा बरामद गरेको छ ।

जिल्लाको बहुदरमाई नगरपालिका वडा नं. ९ विश्रामपुर बस्ने ४५ वर्षिय सोती कलवारको घरमा लुकाई राखेको अवस्थामा उक्त मात्राको गाजा बरामद गरेको हो ।

स्गाँजाको कारोबार गर्ने गरेको सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोली खानतलासी गर्ने गएको बेला प्रहरी टोलीलाई देख्ना साथ सोती कलवार मोटरसाइकल चढी फरार भएको प्रहरीले जनाएको छ ।

यता उनको घरमा खानतलासी गर्दा सुत्ने कोठाको खाटमुनि लुकाइछिपाई राखिएको हालसालै तयार गरिएको गाँजाको प्याकेट ८ थान ८, ४ वटा बाल्टिन

*बाँकी दुई पृष्ठमा*

# प्रधानमन्त्रीको विश्वासको मत प्रस्ताव अस्वीकृत

काठमाडौँ, २७ वैशाख (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानानुसार आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने स्पष्ट पार्न प्रस्तुत गर्नुभएको प्रस्ताव अस्वीकृत भएको छ । प्रतिनिधिसभाको सोमबारको दोस्रो बैठकमा उक्त प्रस्तावमाथि भएको मत विभाजनमा पक्षमा ९३ र विपक्षमा १२४ मत परेको थियो ।

बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले विश्वासको मतका लागि आवश्यक बहुमत नपुगेकाले प्रस्ताव अस्वीकृत भएको घोषणा गर्नुभएको थियो । त्यस्तै दिन्न भन्ने पक्षमा १५ सांसदले मतदान गर्नुभएको थियो । बैठकमा २३२

*बाँकी दुई पृष्ठमा*




विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

# सात संक्रमितको मृत्यु

पर्सा, २७ वैशाख (रासस)। बितेका २४ घण्टाभित्र पर्सामा सात कोरोना सङ्क्रमितको उपचारका क्रममा मृत्यु भएको छ। वीरगन्जका विभिन्न अस्पतालमा उपचाररत चार महिला र तीन पुरुषको उपचारका क्रममा मृत्यु भएको हो। श्वासप्रश्वासमा समस्या, कडा निमुनियाबाट ग्रसित रहेको पर्सा निवासी छ र एक बारा निवासी सङ्क्रमितको उपचारका क्रममा मृत्यु भएको हो।

वीरगन्जको नारायणी अस्पातालमा भर्ना रहेका वीरगन्ज-३ छपकैया निवासी ७२ वर्षीया महिलाको आइतबार दिउँसो १२:१५ बजे, पर्साको विन्दवासनी गाँउपालिका-४ निवासी ५० वर्षीया महिलाको आइतबार अपराह्न ४:१५ बजे, पर्साको बहुदरामाई नगरपालिका-२ निवासी ६० वर्षीय पुरुषको सोमबार बिहान ९:०० बजे र बाराको निजगढ-७ निवासी ६० वर्षीय पुरुषको सोमबार बिहान २:०० बजे उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

त्यसै वीरगन्जको तराई अस्पतालमा भर्ना रहेका वीरगन्ज-१० निवासी ६० वर्षीय पुरुषको आइतबारे दिउँसो १२:१० बजे, नेशनल मेडिकल कलेजको अस्थायि कोभिड उपचार केन्द्रमा भर्ना रहेकी पर्साको पकहामैपुर गाँउपालिका-५ निवासी ३८ वर्षीया महिलाको आइतबार साँझ ६:३० बजे र वीरगन्ज हेल्थ केयर अस्पतालमा भर्ना रहेकी ६० वर्षीया महिलाको आइतबार राति मृत्यु भएको जिल्ला प्रशासन कार्यालयका प्रशासकिय अधिकृत विनय श्रीवास्तवले जानकारी दिनुभयो।

# नेता खनाल संक्रमणमुक्त

काठमाडौँ, २७ वैशाख (रासस)। नेकपा (एमाले)का वरिष्ठ नेता झलनाथ खनाल कोभिड-१९ सङ्क्रमणमुक्त हुनुभएको छ। नर्भिक इन्टरनेशल अस्पतालमा सङ्क्रमित भई उपचाररत उहाँ आइतबार साँझ सङ्क्रमणमुक्त हुनुभएको हो।

उहाँका स्वकीय सचिव कृष्ण भट्टराईले हिजो पिसिआर परीक्षण गर्दा उहाँमा सङ्क्रमण नदेखिएको बताउनुभयो। उहाँका अनुसार सङ्क्रमणमुक्त भए पनि केही दिन चिकित्सकको सल्लाहमा नेता खनाल अस्पतालमै रहनु हुनेछ। सङ्क्रमति भएपछि यही वैशाख १८ गते अस्पतालमा भर्ना हुनुभएका पूर्वप्रधानमन्त्री खनालको स्वास्थ्य सुधारोन्मुख रहेको स्वकीय सचिव भट्टराईले जानकारी दिनुभयो।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# एसइई र कक्षा १२ को परीक्षा स्थगित

भक्तपुर, २७ वैशाख (रासस)। आगामी जेठ १३ गतेबाट सञ्चालन हुने एसइई र जेठ २६ गतेबाट हुने कक्षा १२ को परीक्षा स्थगित भएको छ। राष्ट्रिय परीक्षा बोर्डको सोमबार बसेको बैठकले अर्को निर्णय नभएसम्मका लागि दुवै परीक्षा स्थगित गर्ने निर्णय गरेको हो।

कोभिड-१९ को महामारी बढिरहेको र सरकारले पनि यथास्थितिमा परीक्षा सञ्चालन नगर भनेकाले यही अवस्थामा परीक्षा सञ्चालन गर्न सक्ने अवस्था नरहेकाले तत्कालका लागि दुवै परीक्षा स्थगित गरिएको राष्ट्रिय परीक्षा बोर्डका सदस्य-सचिव दुर्गा अर्यालले जानकारी दिनुभयो। परीक्षा अब कहिले हुन्छ भन्ने बारेमा पुनः छलफल गरी अर्को सूचना प्रकाशित गरी जानकारी गराइने उहाँले बताउनुभयो।

कोरोना महामारीका बीचमा एसइईका लागि देशभरका दुई हजार १९ परीक्षा केन्द्रमा परीक्षा दिन तयारीमा रहेका पाँच लाख १७ हजार विद्यार्थीलाई परीक्षामा सहभागी गराउन सक्ने अवस्था नरहेको बैठकले निष्कर्ष निकालेको बताइएको छ। बोर्डका अनुसार बैठकले एसइई र कक्षा १२ को परीक्षा कसरी सञ्चालन गर्ने भन्नेबारेमा अध्ययन गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक बैकुण्ठ अर्यालको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको छ।

यो कार्यदलले समग्र अवस्थाको अध्ययन गरी कोरोनाको सङ्क्रमण कायमै रहेर भौतिक उपस्थितिमा परीक्षा सञ्चालन गर्न सक्ने अवस्था नभए के कसरी परीक्षा सञ्चालन गर्ने भन्नेबारेमा ढाँचा तयार गर्ने बताइएको छ। गतवर्ष पनि कोरोना भाइरसको महामारीका कारण एसइईका परीक्षार्थीलाई विद्यालयले गरेको आन्तरिक मूल्याङ्कनका आधारमा बोर्डले नतिजा सार्वजनिक गरेको थियो। यस वर्ष अब कसरी हुन्छ भन्ने निर्णय हुन बाँकी रहेको छ। यसवर्षको एसइई परीक्षाका लागि आवश्यक प्रश्नपत्र छपाइको काम सम्पन्न भइसकेको जनाएको परीक्षा नियन्त्रण कार्यालयले जानकारी दिएको छ।

त्यस्तै जेठ २६ बाट हुने कक्षा १२ को परीक्षा पनि कहिले हुन्छ भन्ने निर्णय हुन बाँकी रहेको छ। कक्षा १२ मा करीब चार लाख परीक्षार्थीको सहभागिता हुने भएका छन्। बोर्डले यसवर्ष कक्षा १२ को परीक्षाका लागि अनलाइनबाट प्रश्नपत्र पठाउने तयारी गरेको थियो। गतवर्ष पनि कोरोना महामारीका बीच अनलाइनबाटै प्रश्नपत्र पठाएर घरपायक परीक्षा केन्द्रमा परीक्षा सञ्चालन गरिएको थियो।

# अब अक्सिजन सिसिएमसीले उपलब्ध गराउने

काठमाडौँ, २७ वैशाख (रासस)। अब कोभिड-१९ का सङ्क्रमितको उपचारका लागि आवश्यक पर्ने अक्सिजनको व्यवस्था कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सिसिएमी)ले गर्ने भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले सोमबार सूचना जारी गर्दै देशभरिका अस्पतालमा अक्सिजनको आवश्यकताको आधारमा सिसिएमसीले उपलब्ध गराउने जानकारी दिनुभयो।

यसअघि सङ्क्रमितका लागि आवश्यक पर्ने अक्सिजनको व्यवस्थापन अस्पताललाई मन्त्रालय गर्ने गरेको थियो। "मन्त्रालयको तथ्याङ्कमा आधारित रही देशभरका अस्पतालमा अक्सिजनको आवश्यकतामा आधारमा वितरण व्यवस्थापन सिसिएमसीबाट गर्ने व्यवस्था मिलाउने निर्णय भएको छ" सूचना भनिएको छ।

आइतबार मात्र सिसिएमसीले सङ्क्रमितको उपचारमा आवश्यक पर्ने अक्सिजन अस्पतालमा सहज उपलब्ध गराउनका लागि उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव प्रेमकुमार श्रेष्ठको संयोजकत्वमा छ सदस्यीय कार्यदल गठन गरेको थियो। अहिले २७ हजार ७६१ अक्सिजन सिलिण्डर रहेको छ।

## *प्रधानमन्त्रीको ..*

सांसद उपस्थित हुनुभएको सभामुख सापकोटाले जानकारी दिनुभयो।

विश्वासको मतका पक्षमा सत्तारुढ दल नेकपा (एमाले) लाई अन्य दलले सहयोग नगरेका कारण प्रस्ताव अस्वीकृत भएको हो। एमाले संसदीय दलको निर्देशनलाई अवज्ञा गर्दै एमालेकै वरिष्ठ नेता झलनाथ खनाल र माधवकुमार नेपाल समूहका सांसद मतदानमा अनुपस्थित रहेका कारण पनि विश्वासको मतका पक्षमा कम मत जाहेर भएको हो। राष्ट्रिय प्रजातन्त्र पार्टीका राजेन्द्रप्रसाद लिङ्देन पनि कोभिड सङ्क्रमणका कारण अनुपस्थित हुनुहुन्थ्यो।

प्रस्तावका विपक्षमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस र प्रतिपक्षी नेकपा (माओवादी केन्द्र) ले मतदान गरेका थिए। जनता समाजवादी पार्टी नेपालका केही सांसद तटस्थ रहनुभयो तथा केहीले विपक्षमा मतदान गर्नुभयो। मत विभाजनका लागि हुन्छ, हुन्न र दिन्न भन्ने तीन तरिका व्यवस्था गरिएको थियो।

प्रधानमन्त्रीको विश्वासको प्रस्ताव पारित हुन हाल संसद्मा कायम रहेको २७१ सदस्यमध्ये बहुमत अर्थात् १३६ मत आवश्यक पर्थ्यो। मत बराबर भएका खण्डमा सभामुखले निर्णायक मत दिन सक्ने व्यवस्था छ। प्रस्तावमा सभामुखबाहेक २६६ सांसदले मत जाहेर गर्न सक्ने अधिकार थियो।

एमालेका १२१, माओवादी केन्द्रका ४८, कांग्रेसका ६१, जसपाका ३२ तथा राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी, राप्रपा र स्वतन्त्र एक सांसदलाई मताधिकार थियो। प्रतिनिधिसभाको अर्को बैठक यही वैशाख ३० गते अपराह्न १ बजे बस्ने छ।

# आगामी बजेट कृषि अनुदानमा केन्द्रीकृत

काठमाडौँ, २७ वैशाख (रासस)। आगामी आर्थिक वर्ष २०७८/७९ का लागि कृषि क्षेत्रको बजेटमा भारी कटौती भएपनि अनुदान रकममा भने वृद्धि गरिने भएको छ। एसोसिएसन अफ नेपाली एग्रिकल्चरल जर्नलिस्ट्स (अनाज) ले आयोजना गरेको भर्चुअल कार्यक्रममार्फत कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव हरिबहादुर केसीले सो विषयमा जानकारी गराउनुभएको थियो।

आगामी आव २०७८/७९ का लागि झन्डै चार प्रतिशत अर्थात रु ३६ अर्ब २३ करोडको बजेट विनियोजन हुने भएपनि झन्डै ४० प्रतिशत अर्थात रु १४ अर्ब रकम कृषि अनुदानमा उपलब्ध हुने भएको छ।

आगामी आव २०७८/७९ को सरकारको आम्दानी र खर्चको विवरण (रातो किताब) जेठ महिनाको १५ गतेभित्र सार्वजनिक गरिसक्नु पर्ने संवैधानिक व्यवस्था छ। गत आव २०७७/७८ मा कृषि क्षेत्रका लागि रु ३७ अर्ब ४० करोड २० लाख विनियोजन गरिएको थियो। विनियोजन गरिएको रकम भन्दा आगामी आवका लागि रु एक अर्ब १७ करोड २० लाख कम हुने भएको छ।

आगामी महिना प्रस्तुत हुने बजेटमा कृषि क्षेत्रका लागि कुनै नौलो कार्यक्रम नहुने तर अनुदानमा ठूलै हिस्सा विनियोजन हुने सह-सचिव सुवेदीले जानकारी दिनुभयो। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कूल बजेटको झन्डै २६ प्रतिशत अर्थात रु ११ अर्ब युरिया, डिएपी र पोटास मलमा किसानलाई अनुदान दिने भएको छ। नेपालको कृषिमा सबै प्रकारका रासायनिक मल गरी झन्डै ७० लाख मेट्रिक टन आवश्यक पर्छ।

त्यसैगरी नेपाल कृषि अनुसन्धान प्रतिष्ठान (नार्क) का लागि झन्डै रु चार अर्ब प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका लागि रु तीन अर्ब २१ करोड विनियोजन हुने भएको छ। विनियोजन भएको उक्त रकम नेपालभर सञ्चालन भइरहेका जोन, सुपर जोन, पकेट, ब्लकमा खर्च हुन्छ।

वित्तीय बजेट व्यवस्थापनतर्फ रु एक अर्ब ६० करोडको छुट्याएको छ। यसबाहेक स्थानीय तह तथा प्रदेश सरकारका लागि क्रमशः रु पाँच अर्ब ५० करोड र सात अर्ब ५० करोड रहेको छ। कृषि तथा पशुपन्छी विभागअन्तर्गत रु तीन अर्बको बजेट छुट्टिएको छ। त्यस्तै बीमा तर्फ रु एक अर्ब र उखु अनुदानमा रु एक अर्ब छुट्ट्याइएको छ।

यसै वर्ष सरकारले पशुजन्य उत्पादन, र माछामा आत्मनिर्भर भएको घोषणा गर्दैछ। गत साल कुखुराको मासु र अण्डामा आत्मनिर्भर भएको घोषणा गरिसकेको छ। गत आवमा परिकल्पना गरिएको भूमि बैंकको स्थापनालाई निरन्तरता, किसान पहिचान कार्यक्रम, केही वर्षदेखि रोकिएको उत्कृष्ट कृषक पुरस्कार, खाद्यान्नमा आत्मनिर्भरता, उन्नत जातका धान, मकै बालीका लागि बजेटमा व्यवस्था हुने भएको छ।

दचस्सरकारले कृषिको आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकीकरणमार्फत आगामी पाँच वर्षभित्र कृषिको दिगो विकास गरी कृषिमा आत्मनिर्भर बन्ने योजना अघि सारेको भए पनि आयात घट्न सकेको छैन।

भन्सार विभागका अनुसार चालू आवको पहिलो छ महिनामा भारतबाट ३० करोड र अमेरिकाबाट सात लाख ३३ हजार केजी चामल नेपाल भित्रिएको छ। त्यस्तै ३३ करोड केजी मकै भारतबाट भित्रिदा २४/२४ लाख केजी दक्षिण अमेरिकी देश ब्राजिल, अर्जेन्टिना र तीन लाख ५० हजार केजी दक्षिण अफ्रिकाबाट आयात भएको छ।

कृषि गणना २०६८ ले नेपालको प्रमुख खाद्यान्न बाली धान छ, मकै १२, गहुँ छ, कोदो १९ र फापरमा ४० प्रतिशतले उत्पादनमा गिरावट आएको तथ्याङ्क सार्वजनिक गरेको छ। त्यसैगरी जौं, ३५, तोरी १३ र कोषे बालीमा २१ प्रतिशतले उत्पादन घटेको छ।

कृषिविज्ञ कृष्ण पौडेलले उत्पादन घट्नुको मुख्य कारण भूमिको खण्डीकरण, खेतीयोग्य जमीन बाँझो हुँदै जानु र खेतीमा आश्रित महिला वर्ग शहर पस्नुलाई प्रमुख कारण मान्नु भएको छ। विसं २०५८ को कृषि गणनाले एक करोड १० लाख कित्ता खेतीयोग्य जमीन खण्डीकरण भएकामा २०६८ सालको कृषि गणनासम्म पुग्दा सो सङ्ख्या बढेर एक करोड २० लाख कित्तामा टुक्रिएको उल्लेख छ भने कूल खेतीयोग्य ३० लाख हेक्टरमध्येमा १० लाख हेक्टर जमीन बाँझो रहेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ।

सरकारले हरेक वर्षको बजेटमा बाँझो जमीनको अधिकतम् उपयोग गरी उत्पादन दोब्बरले वृद्धि गरी खाद्यान्नमा आत्मनिर्भर बन्ने, भूमिहीन तथा सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने व्यवस्था हुने बताउँदै आएको छ। नेपालमा भूमिहीन तथा साना किसानको सङ्ख्या ४० लाख रहेको अनुमान छ।

## *७० किलो गाजा ...*

भित्र राखिएको गाँजाको पोका ८ थान गरी जम्मा १६ वटा पोका भित्र गरी जम्मा ७० किलो ४८० ग्राम गाँजा फेला परेको पर्सा प्रहरीले जनाएको छ।

उक्त गाँजा बरामद गरी प्रहरीले सोती कलवार विरूद्ध लागू औषध गाँजा सम्बन्धी कसुरमा मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान कार्य गरिरहेको जनाएको छ।

# सातै प्रदेशमा 'कोभिड विशेष नर्स समूह'

रुपन्देही, २७ वैशाख (रासस)।

के तपाईँलाई कोरोना सङ्क्रमणका विषयमा आधिकारिक जानकारी आवश्यक छ ? कि सङ्क्रमित भएर के गर्ने, के नगर्ने भन्ने दोधारमा हुनुहुन्छ ? यदि त्यस्तो छ भने आत्तिनुपर्दैन । अब घरमै बसेर तपाईंले फोनमार्फत स्वास्थ्यकर्मीबाट आधिकारिक जानकारी पाउन हुनेछ । नागरिकलाई सही सूचना दिनका लागि 'कोभिड विशेष नर्स समूह' परिचालन भएका छन् ।

कोरोना भाइरस महामारी र नियन्त्रणका लागि नर्सहरुले स्वतःस्फूर्त 'कोभिड विशेष नर्स समूह' बनाएर निःशुल्क परामर्श दिन शुरु गरेका हुन् । सामाजिक सञ्जालमा सम्प्रेषण भइरहेका सूचनाहरु कुन सही र गलत हुन् भनेर छुट्याउन गाह्रे भइरहेको र अनावश्यक औषधिको प्रयोग अत्यधिक मात्रामा बढेका कारण आम नागरिकलाई परामर्श दिन यस्तो समूह बनाइएको हो । कोरोना शुरु भएदेखि नै नर्सहरुले उचित परामर्श दिने काम गर्दै आएपनि अहिले समूह नै बनाएर काम शुरु गरेका हुन् ।

कतिपय बिरामी कोभिड सङ्क्रमण भएपछि स्वास्थ्य सामान्य हुँदा पनि हतास मनस्थितिमा अस्पताल पुग्दा अस्पतालले धान्न नसक्ने स्थिति आएको र अस्पताल जानुपर्ने गम्भीर बिरामी सूचनाको अभावले घरमै बस्दा ज्यान जोखिममा परिरहेको भन्दै 'कोभिड विरुद्ध नर्स समूह' बनाएर परामर्श दिन थालिएको 'कोभिड विशेष नर्स समूह' का राष्ट्रिय संयोजक दुर्गा सापकोटाले जानकारी दिनुभयो । यो समूहले देशका सातै प्रदेशमा सोमबारदेखि कोरोना सङ्क्रमणका विषयमा उचित परामर्श दिन शुरु गरेको संयोजक सापकोटाले बताउनुभयो ।

कोभिड विशेष नर्सले कोभिडबाट सङ्क्रमित नहुन के गर्ने ? यदि सङ्क्रमण भयो भने कसरी व्यवस्थापन गर्ने, घरमा आइसोलेशन बस्दा परिवारका अरु सदस्यलाई कसरी जोगाउने ? कस्तो खाना खाने ? आफ्नो मानसिक स्वास्थ्य कसरी सन्तुलित राख्ने ? कुन बेला अस्पताल जाने ? लगायतका विषयमा नागरिकलाई निःशुल्क परामर्श दिनेछन् । यसका लागि लुम्बिनी प्रदेशको संयोजकमा रिचा घिमिरे र कोभिड विशेष नर्स सुमित्रा ढकाललाई सम्पर्क गर्न सकिने छ ।

सुदूरपश्चिम प्रदेशको संयोजकमा किरण चन्द र परामर्शदाता मीना चन्द, कर्णाली प्रदेशको संयोजकमा प्रतिमा खत्री र परामर्शदाता मोना दाहाल, वाग्मती प्रदेशमा संयोजक अमृता बराल र परामर्शदाता ममता केसी रहनुभएको छ । त्यस्तै प्रदेश नं १ को कोभिडविरुद्ध नर्सको संयोजक शिक्षा कार्की, परामर्शदाता विद्या बस्नेत, गण्डकी प्रदेशको संयोजक नवीना कोइराला र परामर्शदाता रीता गौतम तथा प्रदेश २ को संयोजकमा रीता गौतम र परामर्शदातामा सिर्जना चौधरी रहनुभएको छ । 'कोभिड विशेष नर्स समूह' को फेसबुक पेजमा परामर्शदाताको नाम, नम्बर तथा अन्य सूचनाहरु समेत राखिएको छ ।

"कोरोना सङ्क्रमणका विषयमा सही सूचना नपाउँदा नागरिकहरु अन्यौलमा छन् । अन्यौल हटाएर आवश्यक परामर्श तथा अन्य सेवाका लागि सहजीकरणको काम गर्छौं", लुम्बिनी प्रदेशका कोभिड विशेष नर्स ढकालले भन्नुभयो । 'कोभिड विरुद्ध नर्स समूह'मा अग्रभागमा काम गरेका अनुभवी तथा नर्सिङ पढ्दै गरेका, पढाइ सकेर घर बसेका नर्स, अनमी तथा विभिन्न सङ्घ संस्थामा काम गरिरहेका नर्स सहभागी छन् ।

कोरोना महामारीका कारण अधिकांश जिल्लामा बन्दाबन्दी भएकाले नागरिकले सहजरुपमा स्वास्थ्य सेवा र परामर्श लिन नसकेको परिस्थितिलाई मनन गर्दै 'कोभिड विशेष नर्स समूह' ले कोभिड सङ्क्रमितलाई र सूचना लिन चाहनेहरुलाई फोनबाट निःशुल्क परामर्श दिने काम शुरु गरिएको हो । "यो महामारीमा सबैले आफ्नो ठाउँबाट आफूले सक्दो काम गरेमा महामारीबिरुद्धको लडाई जित्न सकिन्छ भन्ने अभिप्रायले कोरोना नियन्त्रणमा सरकारको अभियानलाई सहयोग गर्न नर्सहरुको समूह बनाएर काम थालेका हौँ", राष्ट्रिय संयोजक सापकोटाले भन्नुभयो । कति ठाउँमा नेपाली भाषामा मात्रै सूचना प्रकाशित हुँदा भाषाको समस्याले गर्दा प्रभावकारी सूचनाको सम्प्रेषण हुन नसकेको देखिएकाले स्थानीय भाषामै परामर्श दिनसक्ने गरी विशेष दक्खल भएका नर्स परिचालन गरिएको छ ।

# पाँच हजार अक्सिजन सिलिण्डर वितरण

काठमाडौँ, २७ वैशाख (रासस) ।

नेपाल प्रहरीको सक्रियतामा देशभरका विभिन्न स्थानबाट पाँच हजार ४३२ थान अक्सिजन सिलिन्डर सङ्कलन गरेको छ । सङ्कलित सिलिन्डर मध्ये एक हजार ४४१ भरी रहेको र तीन हजार ९९१ खाली सिलिन्डर रहेका छन् । त्यसमध्ये चा हजार ५८९ वटा कोभिड अस्पताल र सम्बन्धित अक्सिजन प्लान्ट उद्योगलाई उपलब्ध गराइएको छ । बाँकी ८४३ अक्सिजन सिलिन्डर जिल्ला सङ्कट व्यवस्थापन केन्द्र तथा जिल्लास्थित प्रहरी कार्यालयमा राखी आवश्यकताअनुसार वितरण गरिने प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

कतिपय खाली सिलिन्डरलाई भर्नका लागि डिपोमा पठाइएको प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक बसन्तबहादुर कुँवरले जानकारी दिनुभयो । आवश्यकताभन्दा बढी अक्सिजन सिलिन्डर होल्ड गर्ने अस्पताल, व्यक्ति लगायत अन्य सङ्घसंस्था तथा स्वास्थ्य प्रयोजनबाहेक अन्य प्रयोजनमा प्रयोग गर्ने उद्देश्यले विभिन्न उद्योग, कलकारखाना, कबाडी, ग्यास वेल्डिङ, पसल तथा गोदाममा स्टक गरी राखेका अक्सिजन सिलिन्डर नियन्त्रणमा लिई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेको संख्या अनुसार वितरण गरिएको प्रहरीले जनाएको छ ।

नयाँ भेरियन्ट सहितको कोभिड-१९ को दोस्रो चरणको सङ्क्रमणको कारण महामारीले चरम रुप लिइरहेको विषम परिस्थितिमा यसको सङ्क्रमण रोकथाम, नियन्त्रणका लागि नेपाल प्रहरीले सिलिण्डर सङकलनमा सक्रियता बढाएको हो । स्वास्थ्य प्रयोजन बाहेक अन्य प्रयोजनका लागि स्टक राख्ने व्यक्ति तथा सम्बन्धित निकायलाई आवश्यक कारबाहीका लागि थप अनुसन्धान समेत भइरहेको जनाइएको छ । जथाभावी रुपमा मौज्दात गरेको पाइए प्रहरी कारबाही हुने चेतावनी दिइएको छ ।





रुपनी गाउँ कार्यपालिकाको
कार्यालय, सप्तरी


## विश्व समाचार

### भारतमा कोभिड-१९ का सङ्क्रमित केही घटे, तीन हजार ७५४ को मृत्यु

नयाँ दिल्ली, २७ वैशाख (रासस/एएनआई) ।

कोरोनाभाइरस महामारीको दोस्रो लहरका कारण निकै प्रभावित भएको भारतमा पछिल्लो २४ घण्टामा कोरोनाभाइरस (कोभिड-१९) बाट सङ्क्रमितको सङ्ख्या अघिल्लो दिनको तुलनामा केही कमी आएको छ ।

भारतीय केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले पछिल्लो २४ घण्टामा तीन लाख ६६ हजार व्यक्ति सङ्क्रमित भएको जनाएको छ । योसहित भारतमा हालसम्म कूल सङ्क्रमितको सङ्ख्या दुई करोड २६ लाख ६२ हजार पुगेको छ ।

साथै, विगत २४ घण्टामा तीन हजार ७५४ जनाको मृत्यु भएको छ । भारतमा योसहित दुई लाख ४६ हजार ११६ जनाको कोभिड-१९ को सङ्क्रमणबाट ज्यान गइसकेको छ ।

भारतमा पछिल्लो २४ घण्टामा तीन लाख ५३ हजार व्यक्ति कोभिड-१९ बाट सङ्क्रमणमुक्त भएका छन् । हालसम्म भारतमा योसहित एक करोड ८६ लाख ७१ हजार व्यक्ति सङ्क्रमणमुक्त भएको पाइएको छ ।

यसैबीच, गत जनवरीबाट थालिएको कोभिड-१९ विरुद्धको खोप लगाउने व्यक्तिको सङ्ख्या १७ करोड दुई लाख पुगेको मन्त्रालयले जनाएको छ । हाल भारतमा १८ वर्षभन्दा माथिका व्यक्तिलाई खोप दिन थालिएको छ ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषदका अनुसार भारतमा ३० करोड ३७ लाख नमुना परीक्षण गरिएको छ ।

भारतमा कोभिड-१९ को दोस्रो लहरले स्वास्थ्य संस्थामाथि ठूलो दबाब आएको छ । अक्सिजन, शैया, औषधि र अस्पतालको अभावमा मानिसले सामान्य उपचारसमेत नपाएर अकालमा ज्यान गुमाउनु परेको भारतीय सञ्चारमाध्यमले जनाएको छ ।

यसैबीच, कोरोनाभाइरसको सङ्क्रमणबाट विश्वभर ३३ लाख छ हजार व्यक्तिको ज्यान गएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ ।

विश्वमै सर्वाधिक असर परेको संयुक्तराज्य अमेरिकामा पाँच लाख ९५ हजार, ब्राजिलमा चार लाख २२ हजार, भारतमा दुई लाख ४६ हजार, मेक्सिकोमा दुई लाख १८ हजार, बेलायतमा एक लाख २७ हजार, इटालीमा एक लाख २२ हजार, रसियामा एक लाख १३ हजार तथा फ्रान्समा एक लाख छ हजारको कोभिड-१९ को सङ्क्रमणबाट मृत्यु भइसकेको छ ।

पछिल्लो समय संयुक्तराज्य अमेरिका र युरोपमा कोरोनाभाइरस विरुद्धको खोप व्यापकस्तरमा लगाउन थालिएपछि कोभिड-१९ बाट प्रभावितको सङ्ख्यामा उल्लेख कमी आएको जोन्स हप्किन्स विश्वविद्यालयले जनाएको छ ।

### अफगानिस्तानमा फेरी १३ जना सर्वसाधारण मारिए, ३७ जना घाइते

काबुल, २७ वैशाख (रासस/एएनआई) ।

युद्धग्रस्त मुलुक अफगानिस्तानको जाबुल र परवान प्रान्तमा भएका दुई अलगअलग बिस्फोटमा १३ जना सर्वसाधारणको मृत्यु भएको छ ।

प्रहरीका अनुसार आइतबार भएका यी बिस्फोटमा अरु ३७ जना घाइते भएका छन् ।

अफगानिस्तानको गृह मन्त्रालयका अनुसार जाबुलमा ११ जना सर्वसाधारणको ज्यान गएको छ भने २८ जना घाइते भएका छन् । सडक किनारामा बिछ्याइएको बारुदी सुरुङ बिस्फोटबाट सर्वसाधारण हताहत भएका हुन् ।

आइतबार बेलुकीपख जाबुलको शहर-ए-साफा जिल्लामा एउटा यात्रुबाहक बसलाई लक्षित गरी उक्त बिस्फोटन भएको मन्त्रालयले जनाएको छ ।

यसैगरी, सोमबार बिहान परवान प्रान्तको पुल-ए-मटाक क्षेत्रमा पनि यात्रुबाहक बसलाई लक्षित गरी बारुदी सुरुङ बिस्फोट गराउँदा दुई जनाको मृत्यु भएको छ भने अरु नौ जना घाइते भएका छन् ।

परवान अस्पतालका प्रमुख डा कासिम साङ्गिनले घाइतेहरुलाई नजिकका अस्पतालमा भर्ना गरिएको जानकारी दिनुभयो । उक्त घटनामा महिला र बालबालिका बढी घाइते भएका छन् ।

सरकारी पक्षले उक्त घटना तालिबान विद्रोही समूहले गराएको आरोप लगाए पनि तालिबान समूहले कुनै प्रतिक्रिया जनाएको छैन ।

यसैबीच, काबुलको बालिका अध्ययन गर्ने विद्यालय बाहिर भएको बिस्फोटमा ज्यान गुमाउनेको सङ्ख्या कम्तीमा ६३ पुगेको छ । यस घटनामा घाइते भएका अझै १५० जनाभन्दा बढीको काबुलका विभिन्न अस्पतालमा उपचार भइरहेको अफगान सरकारले जनाएको छ ।

बम बिस्फोटमा मारिनेमा अधिकांश बालिका रहेका छन् । गत शनिबार बिस्फोटक पदार्थले भरिएको एउटा सवारी साधनलाई विद्यालयको मुख्य प्रवेशद्वार बाहिर बिस्फोट गराइएको सुरक्षा अधिकारीले बताएका छन् ।

राष्ट्रपति अशरफ घानीले उक्त बिस्फोट तालिबान विद्रोहीले गराएको दाबी गर्नु भएको छ । उहाँले तालिबानद्वारा गराइएको यो बिस्फोट मानवता विरुद्धको अपराध हो भन्नु भएको छ ।

तालिबान समूहले उक्त घटनामा आफूहरुको संलग्नता नरहेको बताएको छ । अफगानिस्तानमा तैनाथ अमेरिकी र नेटो आबद्ध सैनिक आगामी सेप्टेम्बर ११ भित्रै स्वदेश फर्कने गरी तयारी गरिरहेको अवस्थामा देशका विभिन्न भागमा हिंसात्मक घटना अरु बढ्न थालेको भन्दै अफगानी अधिकारीकर्मीले चिन्ता प्रकट गरेका छन् ।

यसैबीच, नोबेल शान्ति पुरस्कार विजेता मलाला युसुफजाइले ट्वीट गर्दै स्कुले बालबालिकाको सुरक्षाका लागि सबै एकजुट हुन आह्वान गर्नु भएको छ । उहाँले अगाडि भन्नु भएको छ, "अफगानिस्तानमा बढ्दो आतङ्कवादी घटनाले शान्ति र लोकतन्त्रमाथि नै चिन्ताको स्थिति सिर्जना भएको छ ।"

# सउबा संघद्वारा पत्रकार महासंघलाई मास्क र सेनिटाइजर प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, २७ बैशाख ।**

कोरोनाको दोश्रो लहरको महामारीको अवस्थामा जनतालाई सुसूचित बनाउने दायित्वमा रहेका सप्तरीका पत्रकारहरुका लागि सोमबार सप्तरी उधोग बाणिज्य संघले सर्जिकल मास्क र सेनिटाईजर उपलब्ध गराएको छ।

राजविराजस्थित संघको कार्यालयमा अध्यक्ष अरुणकुमार प्रधानले नेपाल पत्रकार महासंघ सप्तरी शाखाका अध्यक्ष श्रवणकुमार देवलाई उक्त मास्क र सेनिटाईजर उपलब्ध गराउएका हुन् ।

वर्तमान जोखिमपुर्ण अवस्थालाई मध्यनजर गर्दै पत्रकारलाई रिपोर्टिङ गर्न सहज हुने उद्देश्यले ९ सय ५० थान सर्जिकल मास्क र २३ थान सेनिटाईजर उपलब्ध गराएको अध्यक्ष प्रदानले जानकारी दिए ।

उक्त क्रममा पत्रकार महासंघ सप्तरीका अध्यक्ष देवले सहयोग गर्नुहुने उधोग बाणिज्य संघलाई धन्यवाद् दिंदै प्राप्त भएका स्वास्थ्य सुरक्षाका सामग्रीहरु चाँडै फ्रन्टलाईनमा खटिने पत्रकारलाई वितरण गर्ने जानकारी समेत दिए ।

# हराइरहेकी एक भारतीय महिलाको उद्दार गरि परिवारको जिम्मा लगाइयो



**दैनिक समाचारदाता**
**राजविराज, २७ बैशाख ।**

अठार दिनदेखि हराइरहेकी एक भारतीय महिलाको खोजी गरि प्रहरीले उद्धार गरेको छ ।

सप्तरीको बोदेबर्साईन नगरपालिकाको सहयोगमा स्थानिय प्रहरीको पहलमा हराएकी ती महिलालाई उद्धार गरि पहरीले परिवारको जिम्मा लगाएको छ ।

बोदेबर्साईन नगरपालिका वडा नं.५ शत्रुध्न चौकमा अलपत्र अवस्थामा फेला परेकी भारत विहार राज्य सहरसा जिल्ला बैजनाथपुर ग्रामपंचयात वडा नं. ११ घर भएकी ४२ वर्षीय संगितादेवी मेहतालाई प्रहरी र स्थानियले उद्धार गरेको स्थानिय पत्रकार उमेश कुमार साहले जानकारी दिएका छन् ।

उद्धार गरिएको संगितादेवी मेहतालाई उनका छोरा अमित कुमार मेहताको जिम्मा लगाइएको सशस्त्र प्रहरी बोर्ड आउट पोष्ट सुभरनपट्टीका सशस्त्र प्रहरी निरीक्षक उत्सव बिष्टले बताए ।

बोदेबर्साईन नगरपालिकाको पहलमा संगितालाई बोदेबर्साईन नगरपालिकाले उपलब्ध गराएको एम्बुलेन्सबाट बोदेबर्साईन नगरपालिका वडा नं. ९ स्थित सुभरनपट्टिबोडरमा उनका छोरा अमित कुमारलाई सशस्त्र प्रहरी निरीक्षक उत्सव बिष्ट, नेपाल प्रहरीका हवल्दार कमल दुलाल, पत्रकार उमेश कुमार साह, स्थानीय सुरेन्द्र कुमार भगत लगायतको उपस्थितिमा उनलाई परिवारको जिम्मा लगाइएको छ ।

# पेट्रोल छर्की आगो लगाएर फरार भएका साह पक्राउ

सर्लाही, २७ वैशाख (रासस) ।

सर्लाहीको ईश्वरपुर नगरपालिका-१२ घारीबथानमा भएको हत्याको आरोपित एकजनालाई प्रहरीले पक्राउ गरेको छ । एक साताअघि छिमेकीलाई पेट्रोल छर्की आगो लगाएर हत्या गरेको आरोपमा सोही वडाका अन्दाजी ३५ वर्षीय शिवजी साहलाई प्रहरीले नेपाल-भारत सीमा क्षेत्रबाट पक्राउ गरिएको इलाका प्रहरी कार्यालय बेशरगञ्ज, वयलबासका प्रहरी निरीक्षक जनकराज ढुङ्गानाले जानकारी दिनुभयो ।

घारीबथानका ५८ वर्षीय शियाशरण रायलाई पेट्रोल छर्की आगो लगाएर हत्या गरेको आरोपमा साहलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख प्रहरी उपरिक्षक सन्तोष सिंह राठौरले जानकारी दिनुभयो । उहाँका अनुसार यही वैशाख २० गते घरअगाडिको आँपको बगैंचामा बसिरहेका रायको शरीरमा पेट्रोल छर्की आगो लगाएर फरार भएको साहमाथि आरोप छ । शरीरको अधिकांश भाग जलेर गम्भीर घाइते भएका रायलाई तत्कालै उपचारका लागि धनुषाको लालगढ मोडल अस्पताल लगिएको थियो । त्यहाँबाट थप उपचारका लागि हेलिकप्टरमार्फत काठमाडौंको कीर्तिपुर अस्पताल लगेर उपचार गराउने क्रममा रायको वैशाख २१ गते मृत्यु भएको थियो ।

घटनापछि फरार भएका साहलाई मलङ्गवा नगरपालिका-५ भाडसरस्थित नेपाल-भारत सीमावर्ती क्षेत्रबाट पक्राउ गरिएको प्रहरी उपरीक्षक राठौरले बताउनुभयो । घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । साह वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा बसेर फर्किएका थिए । उनी फर्किएको २४ घण्टा नबित्दै उक्त घटना घटेको स्थानियवासीले बताएका छन् ।







**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*